## प्रारम्भिक बाल शिक्षा (अर्ली चाइल्डहूड एजुकेसन)
## योग्यता मूल्याङ्कनउपकरण (एलिज्बिलिटि स्कृनिङ टूल) निर्देशनहरू

आदरणीय भविष्यका कलम्बस सिटी स्कूल्स पृ-किन्डरगार्टेन परिवार:

ओहायोमा यस समयमा पृ-किन्डरगार्टेन प्रोग्रामिङ अनिवार्य छैन। यद्यपि, कलम्बस सिटी स्कूल्स उच्च-गुणस्तरको पृ-किन्डरगार्टेन अनुभव प्रदान गर्न प्रतिबद्ध छ।

सि सि एस उपस्थिति सीमा भित्र बस्ने बच्चाहरूकालागि **हामीले ट्युसन-माफीको यो अवसर प्रदान गर्न जारी राख्नकालागि तपाँईले यो स्क्रिनिङ उपकरण पूरा गर्न आवश्यक छ।**

योग्यता स्क्रिनिङ उपकरण पूरा गर्नुभएकोमा अग्रिम धन्यवाद। हामी तपाँईको विद्यार्थीलाई शिक्षित गर्न तपाँईसँग साझेदारी गर्न तत्पर छौं।

योग्यता स्क्रिनिङ उपकरण पूरा गर्ने निर्देशनहरू:

पृष्ठ १:

- आवेदक - कृपया अभिभावक वा कानुनी संरक्षकको नाम र जानकारी लेख्नुहोस्।
- तपाँईको घरमा बस्ने सबैको बारेमा हामीलाई भन्नुहोस् र सबै खाली ठाउँहरू भर्नुहोस्। आवेदकको जानकारी पहिलो पङ्क्तिमा सेल्फको (आफ्नो) लागि जान्छ।

पृष्ठ २-३:

- कृपया कार्यक्रममा प्रवेश गर्ने आफ्ना विद्यार्थी(हरू) कालागि भर्नुहोस्।
- प्रदायकको नाम र ठेगाना = CCS (सि सि एस)
- बच्चाको गृह स्कूल जिल्ला = CCS (सि सि एस)
- तपाँईलाई कुन दिन र कति घण्टा सेवाहरू चाहिन्छ? कृपया सोमबार-शुक्रबार र बिहान र दिउँसो लाई छान्नुहोस् /चेक गर्नुहोस्। हाम्रो कार्यक्रम सोमबार देखि शुक्रबार बिहान ९:०० बजेदेखि ३:३० बजेसम्म हो।
- विशेष आवश्यकताहरू: कृपया प्रश्नको उत्तर दिन हो वा होइन लाई छान्नुहोस् /चेक गर्नुहोस्।

पृष्ठ ४:

- कृपया यो महिना तपाँई वा तपाँईको घरमा कसैले आम्दानी गर्नुभयो कि भएन भनेर बक्समा चिन्ह लगाउनुहोस्।
- कृपया तपाँईको आम्दानीको स्रोत(हरू) सूचीबद्ध गर्ने तालिका पूरा गर्नुहोस्।
  घरमा बस्ने आमाबाबा/अभिभावक **दुवै**कालागि आम्दानीको जानकारी समावेश गर्नुहोस्: ज्याला, SSI, बेरोजगारी, सार्वजनिक सहायता, आदि। कति पटक आम्दानी प्राप्त गर्नु हुन्छ भनेर पनि चिन्ह लगाउनुहोस् (साप्ताहिक रूपमा, हरेक अर्को हप्ता, महिनामा दुई पटक, महिनामा एक पटक)।
- यदि तपाँईको घरमा कसैले बाल सहयोग गर्छ भने कृपया बक्समा चिन्ह लगाउनुहोस्।
- कृपया फाराममा हस्ताक्षर गर्नुहोस् र मिति पनि लेख्नुहोस्।